(संवत् २०८२ साल जेठ मसान्तसम्म भएका संशोधन मिलाइएको)

# बिरुवा संरक्षण नियमावली, २०६६

नेपाल राजपत्रमा प्रकाशन मिति
२०६६।१२।९

**संशोधन**

बिरुवा संरक्षण (पहिलो संशोधन) नियमावली, २०८० — २०८०।०२।२२

बिरुवा संरक्षण ऐन, २०६४ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम “बिरुवा संरक्षण नियमावली, २०६६” रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) “अनुवांशिक परिमार्जित बस्तु (जेनेटिकल्ली मोडिफाइड अर्गानिज्म)” भन्नाले पुनर्संयोजन गरिएको डिअक्सिराईवो न्यूक्लिक एसिड (डि.एन.ए.) प्रविधिद्वारा एक प्रजातिको जीन अर्को प्रजातिमा प्रतिस्थापन गरिएको कुनै बिरुवा वा बिरुवाजन्य उपज सम्झनु पर्छ र सो शब्दले यस्ता बिरुवाजन्य उपजबाट उत्पादन भएको उपपदार्थ (बाईप्रोडक्ट) समेतलाई जनाउँछ ।

(ख) “ऐन” भन्नाले बिरुवा संरक्षण ऐन, २०६४ सम्झनु पर्छ ।

(ग) “कार्यालय प्रमुख” भन्नाले ऐनको दफा ३३ बमोजिम स्थापित कार्यालयको प्रमुख सम्झनु पर्छ ।

[*](ग१) "केन्द्र" भन्नाले प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र सम्झनु पर्छ।

[*](ग२) "जर्मप्लाज्म" भन्नाले खेती गरिएका वा प्राकृतिक वासस्थानमा रहेका बाली बिरुवा, वनस्पति वा सूक्ष्म जीवाणुको जीवित र वंशानुगत गुण रहेको पूर्ण वा आंशिक भाग वा सोको क्रियात्मक इकाइ (फङ्सनल युनिट अफ हेरिडिटी) सम्झनु पर्छ।

(घ) “जीवित परिमार्जित वस्तु (लिभिङ्ग मोडिफाइड अर्गानिज्म)” भन्नाले आधुनिक जैविक प्रविधिको उपयोगबाट बिरुवामा भएका अनुवांशिक गुणलाई आनुवांशिक पदार्थको संयोजनद्वारा परिमार्जन गरिएको कुनै बिरुवा वा पुनर्उत्पादन हुन सक्ने बिरुवाजन्य उपज सम्झनु पर्छ ।

---

[*] पहिलो संशोधनद्वारा थप ।

(ङ) "ट्रान्सजेनिक पदार्थ" भन्नाले पुनर्संयोजन गरिएको डिअक्सिराईवो न्यूक्लिक एसिड प्रविधिद्वारा रोग, कीरा तथा प्रतिकुल वातावरण अवरोधक जातहरुका साथै मानव र वातावरणलाई असर नपर्ने गरी प्रयोगशाला, शीशा घर र खेतवारीमा अनुसन्धान गरी निकालिएको बिरुवा तथा जीव सम्झनु पर्छ ।

(च) "प्रयोगशाला" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकि दिएको प्रयोगशाला सम्झनु पर्छ ।

(छ) "पोष्ट इन्ट्री क्वारेन्टाइन" भन्नाले पैठारी भएका बीउ, बिजन वा जीवित बिरुवालाई कुनै एक विशेष समयावधिसम्म शीशा, स्क्रीन वा प्लास्टिकद्वारा बनाईएको घर, अन्य कुनै त्यस्तै सुविधा भएको छुट्टै नर्सरी वा खेतमा रोपी गरिने स्वस्थता सम्बन्धी परीक्षण सम्झनु पर्छ ।

(ज) "शत्रुजीव मुक्त उत्पादन स्थल" भन्नाले कुनै विशेष प्रकारको शत्रुजीव नभएको भनी वैज्ञानिक आधारमा प्रमाणित भएको र निश्चित अवधिसम्म त्यस्तो अवस्था आधिकारीक रुपमा कायम राखिएको स्थल सम्झनु पर्छ ।

(झ) "शत्रुजीव मुक्त क्षेत्र" भन्नाले कुनै विशेष प्रकारको शत्रुजीव नभएको भनी वैज्ञानिक आधारमा प्रमाणित भएको र त्यस्तो अवस्था आधिकारीक रुपमा कायम राखिएको क्षेत्र सम्झनु पर्छ ।

## परिच्छेद-२

## समिति तथा सङ्गठनको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

३. **समितिको काम, कर्तव्य र अधिकारः** ऐनको दफा ५ मा लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बिरुवा स्वस्थता तथा संरक्षण सम्बन्धी कार्यमा नेपाल सरकारलाई आवश्यक सहयोग गर्ने,

(ख) जीवित परिमार्जित वस्तु तथा अनुवांशिक परिमार्जित वस्तुको आयातबाट बिरुवा संरक्षणमा पर्न सक्ने जोखिमको अध्ययन गरी त्यसको प्रभावलाई न्यून गर्न आवश्यक कार्य गर्ने, गराउने,

(ग) क्वारेन्टाईन शत्रुजीवयुक्त बिरुवा तथा बिरुवाजन्य उपजहरु नेपालको एक ठाउँबाट अर्को ठाउँमा प्रवेश गर्न रोक लगाउने सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने ।

४. **सङ्गठनको काम, कर्तव्य र अधिकारः** ऐनको दफा ६ बमोजिमका काम, कर्तव्य र अधिकारका अतिरिक्त सङ्गठनको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संकटोत्पन्न क्षेत्र, शत्रुजीव मुक्त क्षेत्र, शत्रुजीव मुक्त उत्पादन स्थल वा कम शत्रुजीव संक्रमित क्षेत्रको घोषणा गर्ने,

(ख) बिरुवा, बिरुवाजन्य उपजहरुको परीक्षण, अनुसन्धान, पोष्ट इण्ट्री क्वारेण्टाइन स्थल, कम शत्रुजीव संक्रमित क्षेत्र तथा उपचार गर्न निजीस्तरबाट प्रयोगशाला वा उपचार कक्षको स्थापना गर्दा पालना गर्नु पर्ने मापदण्ड तोक्ने,

(ग) बिरुवा वा बिरुवाजन्य उपजको परीक्षण, उपचार वा अनुसन्धान गर्न निजीस्तरबाट स्थापित खण्ड (ख) बमोजिमको मापदण्ड पूराभएका प्रयोगशालालाई यस नियमावलीको प्रयोजनको लागि तोक्नको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(घ) जीवित परिमार्जित वस्तु, अनुवांशिक परिमार्जित वस्तु वा ट्रान्सजेनिक पदार्थको प्रवेशबाट बिरुवामा पर्न सक्ने जोखिमको व्यवस्थापनका लागि अनुसन्धान कार्यलाई प्रोत्साहन गर्ने,

(ङ) नियमित शत्रुजीवको नियमित अध्ययन, अनुसन्धान तथा अनुगमन गरी सो सम्बन्धी सूचनाहरु अद्यावधिक गरी सम्बन्धित निकाय वा संस्थालाई जानकारी गराउने,

(च) नेपालको कुनै एक क्षेत्रमा शत्रुजीवको प्रवेश भएमा अन्य क्षेत्रमा त्यसको फैलावट रोक्न यथाशिघ्र आवश्यक नियन्त्रणात्मक प्रकृयाहरु अपनाई सम्बन्धित निकाय वा संस्थालाई जानकारी गराउने,

(छ) क्वारेन्टाईन शत्रुजीवहरुको फैलावटबाट आर्थिक हानि नोक्सानी हुन सक्ने अवस्था देखिएमा नियन्त्रणका लागि आन्तरिक क्वारेन्टाईन लागू गर्ने,

(ज) अन्तर्राष्ट्रियस्तरमा अपनाइएका मापदण्ड [📖]निकासी वा पैठारी हुने काठका सामग्री तथा कन्साइनमेन्टलाई प्याकेजिङ्ग गर्ने काठका सामग्री र बिरुवा स्वस्थता सम्बन्धी कार्यविधि तथा मापदण्ड तयार गरी लागू गर्ने, गराउने,

(झ) ऐन तथा यस नियमावली बमोजिम निर्धारित मापदण्ड पूरा गरेका निजी स्तरका प्रयोगशाला, पोष्ट इण्ट्री क्वारेण्टाइन स्थल, कम शत्रुजीव संक्रमित क्षेत्र वा उपचार कक्षलाई मान्यता प्रदान गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ञ) पोष्ट इण्ट्री सुविधा, परीक्षण केन्द्र, प्रयोगशाला र उपचार प्रक्रिया सम्बन्धी कार्य गर्नका लागि निजी क्षेत्रलाई समेत प्रोत्साहन गर्ने,

(ट) निर्यात प्रवर्द्धनका लागि गुणस्तरीय उत्पादनलाई प्रोत्साहन गर्न असल कृषि कार्यविधि (गुड एग्रीकल्चर प्राक्टिसेज) स्वीकृत गराई लागू गर्ने।

## परिच्छेद-३

[📖] पहिलो संशोधनद्वारा संशोधन ।

## प्रवेश अनुमतिपत्र सम्बन्धी व्यवस्था

५. **पैठारी प्रवेश अनुमतिपत्रका लागि निवेदन दिने:** (१) नेपालमा बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कन्ट्रोल एजेन्ट वा लाभदायक कीरा, माटो, झ्याउ, पीट लगायतका बिरुवा हुर्कने माध्यम, जर्मप्लाज्म, जीवित परिमार्जित वस्तु, अनुवांशिक परिमार्जित वस्तु वा ट्रान्सजेनिक पदार्थ पैठारी गर्न चाहने व्यक्ति वा संस्थाले त्यस्तो वस्तु वा पदार्थ पैठारी गर्नु अघि प्रवेश अनुमतिपत्र प्राप्त गर्न देहाय बमोजिमका कागजात तथा विवरण र दस्तुर वापत पाँच सय रुपैयाँ बुझाएको प्रमाण संलग्न गरी अनलाइन प्रणाली मार्फत अनुसन्धान तथा रोपणका लागि भए केन्द्रको प्रमुख समक्ष र सो बाहेक अन्य प्रयोजनको लागि भए सम्बन्धित कार्यालय प्रमुख समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) पैठारी गरिने वस्तुको अग्रिम बील बीजक (परफर्मा इन्भ्वाइस) को प्रतिलिपि,

(ख) बीउ बिजन पैठारी गरिने भए बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको सिफारिसपत्र,

(ग) अनुसन्धानको लागि पैठारी गरिने भए अनुसन्धान गर्ने व्यक्ति वा संस्थाको अनुरोधपत्र र नेपाल कृषि अनुसन्धान परिषद् वा अन्य आधिकारिक निकायले गरेको सिफारिसपत्र,

(घ) जर्मप्लाज्म पैठारी गर्ने भएमा मन्त्रालयको सिफारिसपत्र,

(ङ) जीवित परिमार्जित वस्तु, अनुवांशिक परिमार्जित वस्तु वा ट्रान्सजेनिक पदार्थ पैठारी गर्दा त्यस्ता वस्तु बीउको रुपमा प्रयोग नगर्ने शर्तमा सम्बन्धित प्रशोधन उद्योगबाट प्रशोधन पछि मात्र बिक्री वितरण हुने प्रतिबद्धतापत्र,

(च) निजी प्रयोजनका लागि पैठारी गरिने बिरुवाको हकमा अनुसूची-२ बमोजिमको कबुलियतनामा,

(छ) व्यावसायिक रुपमा बिरुवा तथा बिरुवाजन्य सामग्री रोपणका लागि पैठारी गरिने भए अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित निकायको सिफारिसपत्र, र

(ज) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यक्रम सञ्चालनका लागि पैठारी गरिने भए त्यस्तो कार्यक्रम सञ्चालन हुने स्थान लगायतका विवरण सहितको अनुरोधपत्र।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन, सो साथ संलग्न विवरण तथा कागजात जाँचबुझ गर्दा केन्द्र वा कार्यालय प्रमुखले प्रवेश अनुमतिपत्र दिन मनासिब देखेमा अनुसूची-४ बमोजिमको ढाँचामा प्रवेश अनुमतिपत्र दिनु पर्नेछ।

(३) कुनै व्यक्ति वा संस्थाले उपनियम (१) बमोजिम प्रवेश अनुमतिपत्र लिन निवेदन दिन नसकेको कारण देखाई प्रवेश नाकामा अनुसन्धान तथा रोपण बाहेक अन्य प्रयोजनका लागि प्रवेश अनुमतिपत्र लिन चाहेमा उपनियम (१) बमोजिमका कागजात र एक हजार रुपैयाँ दस्तुर बुझाएको प्रमाण संलग्न गरी अनलाइन प्रणाली मार्फत कार्यालय प्रमुख समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम निवेदन दिएमा कार्यालय प्रमुखले एक पटकको लागि अनुसूची-४ बमोजिमको ढाँचामा प्रवेश अनुमतिपत्र दिन सक्नेछ।

(५) उपनियम (२) वा (४) बमोजिम पैठारी प्रवेश अनुमतिपत्र प्राप्त गर्ने व्यक्ति वा संस्थाले ऐनको दफा ७ को उपदफा (२) बमोजिम मन्त्रालयले तोकेको पैठारी सम्बन्धी शर्त तथा बन्देजको पालना गर्नु पर्नेछ।

(६) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा संलग्न गरिएका कागजात अपर्याप्त भएको वा अन्य कारणबाट प्रवेश अनुमतिपत्र दिन उपयुक्त नदेखिएमा कार्यालय प्रमुखले सात दिनभित्र निवेदकलाई अनुसूची-६ बमोजिमको ढाँचामा जानकारी दिनु पर्नेछ।

६. **<u>प्रवेश अनुमतिपत्रको नवीकरण सम्बन्धी व्यवस्था:</u>** (१) नियम ५ को उपनियम (२) बमोजिम प्राप्त गरेको प्रवेश अनुमतिपत्र नवीकरण गराउन चाहने व्यक्ति वा संस्थाले प्रवेश अनुमतिपत्रको म्याद समाप्त हुनुभन्दा एक दिन अगावै त्यस्तो अनुमतिपत्र जारी गरेको केन्द्र वा कार्यालय प्रमुख समक्ष नवीकरण गर्नका लागि अनलाइन प्रणाली मार्फत निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर कार्यालय प्रमुखले आवश्यक जाँचबुझ गर्दा प्रवेश अनुमतिपत्रको नवीकरण गर्न मनासिब देखेमा चारसय रुपैया दस्तुर लिई बढीमा तीन महिनासम्मको लागि त्यस्तो प्रवेश अनुमतिपत्र नवीकरण गरी दिन सक्नेछ ।

७. **<u>प्रवेश नाकामा छोडपूर्जी लिने:</u>** (१) कुनै व्यक्ति वा संस्थाले ऐनको दफा ७ बमोजिम बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कन्ट्रोल एजेन्ट वा लाभदायक कीरा, माटो, झ्याउ, पीट लगायतका बिरुवा हुर्कने माध्यम, जर्मप्लाज्म, जीवित परिमार्जित वस्तु, अनुवांशिक परिमार्जित वस्तु वा ट्रान्सजेनिक पदार्थ पैठारी गर्ने गरी प्रवेश नाकामा ल्याई त्यस्ता वस्तुको क्वारेन्टाईन सम्बन्धी आवश्यक कार्य गरी पाउन र नेपाल भित्र प्रवेशको लागि छोडपूर्जी लिन अनलाइन प्रणाली मार्फत प्रज्ञापनपत्र भर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रज्ञापनपत्र भरी सकेपछि सम्बन्धित व्यक्ति वा संस्थाले प्रज्ञापनपत्रसँग सम्बन्धित देहायका कागजात सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछः-

(क) नियम ५ को उपनियम (१) बमोजिम पेश गरेका सक्कलै कागजात तथा उपनियम (२) वा (४) बमोजिम लिएको पैठारी प्रवेश अनुमतिपत्र,

(ख) व्यावसायिक बिल बीजक (कमर्सियल इन्भ्वाइस) को प्रतिलिपि,

---

पहिलो संशोधनद्वारा संशोधन ।

(ग) पैठारी गर्न लागिएका उपनियम (१) बमोजिमका वस्तुको निकासी गरिने मुलुकबाट जारी भएको बिरुवा स्वस्थता प्रमाणपत्र।

(३) उपनियम (१) बमोजिम पेश हुन आएको प्रज्ञापनपत्र तथा सोसाथ संलग्न कागजातको आवश्यक जाँचबुझ गर्दा 🕮छोडपूर्जी दिन मनासिब देखिएमा कार्यालयले पैठारी गरिने वस्तुको आवश्यक नमूना लिई स्वस्थता परीक्षण गर्नको लागि प्रयोगशालामा पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त नमूनाको प्रयोगशालामा परीक्षण गर्दा पैठारी गरिएको वस्तु स्वस्थ भएको पाइएमा कार्यालयले त्यस्तो वस्तु नेपालभित्र प्रवेश गराउन अनुसूची-९ बमोजिमको ढाँचामा छोड पूर्जी दिनेछ ।

(५) उपनियम (३) बमोजिम लिएको नमूना प्रयोगशालामा परीक्षण गर्दा त्यस्तो नमूनामा क्वारेण्टाइन शत्रुजीव रहेको पाईएमा पैठारी गरिएको वस्तु नियम १५ बमोजिम नष्ट गर्नु पर्नेछ र सो बाहेकको अन्य अस्वस्थता पाईएमा पैठारी गरिएको वस्तु नियम १३ बमोजिम उपचार गर्न पठाईने वा पैठारीकर्ताको अनुरोधमा सोझै नियम १५ बमोजिम नष्ट गरिनेछ ।

(६) नियम १३ बमोजिम उपचार गराए पश्चात् पैठारी गरिएको वस्तु स्वस्थ भएको पाईएमा कार्यालयले त्यस्ता वस्तु नेपालभित्र प्रवेश गराउन उपनियम (४) बमोजिम छोड़ पूर्जी दिनेछ ।

(७) नियम १३ बमोजिम उपचार गराउँदा पनि पैठारी गरिएका वस्तु स्वस्थ भएको नपाईएमा कार्यालयले त्यस्ता वस्तुलाई नियम १५ बमोजिम नष्ट गर्ने वा त्यस्तो वस्तु सम्बन्धित देशमा फिर्ता गर्नु गराउनु पर्नेछ ।

(८) अनुसन्धान प्रयोजनका लागि पैठारी गरिएका बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कन्ट्रोल एजेण्ट, लाभदायक कीरा पोष्ट इण्ट्री क्वारेण्टाइन स्थलमा राखी परीक्षण गर्नु पर्नेछ र यसरी परीक्षण गर्दा त्यस्ता वस्तु स्वस्थ रहेको पाईएमा कार्यालयले नेपालभित्र प्रयोग गर्न गराउन अनुमति दिनेछ ।

तर त्यस्तो वस्तु संक्रमित रहेको पाईएमा नियम १५ बमोजिम नष्ट गरिनेछ ।

८. **स्वस्थता प्रमाणपत्र लिने सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा १२ को उपदफा (१) वा (२) बमोजिम स्वस्थता प्रमाणपत्र लिन चाहने व्यक्ति वा संस्थाले देहायका कागजात संलग्न गरी निकासीको लागि भए 🕮दुई सय रुपैयाँ र पुनः निकासीको लागि भए चार सय रुपैयाँ दस्तुर बुझाएको प्रमाण सहित अनलाइन प्रणाली मार्फत कार्यालय प्रमुख समक्ष निवेदन दिनु पर्नेछः-

(क) निकासी गरिने वस्तुको उत्पत्तिको प्रमाणपत्र,

(ख) वन पैदावार भए वन विभागबाट जारी भएको छोड पूर्जी,

(ग) पुरातात्विक महत्वका वस्तु भए पुरातत्व विभागको सिफारिसपत्र,

(घ) निकासी गरिने वस्तुको बिल बिजक (इन्भ्वाइस),

🕮 पहिलो संशोधनद्वारा संशोधन ।

(ङ) पुनः निकासी गरिने भए पैठारी गर्ने मुलुकले जारी गरेको पैठारी अनुमतिपत्र,

(च) पुनः निकासी गरिने वस्तुको हकमा नेपालमा पैठारी गरिंदा पेश भएको स्वस्थता प्रमाणपत्रको प्रतिलिपि,

(छ) निकासी गर्ने व्यक्तिको आधिकारिक परिचयपत्र वा संस्थाले निकासी गर्ने भए त्यस्तो संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि र त्यस्तो कामका लागि कसैलाई खटाईएको भए त्यसरी खटाइएको पत्र ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि प्राप्त कागजात र निकासी गरिने वस्तुको नमूनाको आवश्यक जाँचबुझ र परीक्षण गर्दा निवेदकलाई स्वस्थता प्रमाणपत्र दिन उपयुक्त देखेमा कार्यालय प्रमुखले 🕮निकासी वा पुनः निकासीको लागि अनुसूची-११ बमोजिमको ढाँचामा ई-फाइटो प्रणालीद्वारा बिरुवा स्वस्थता प्रमाणपत्र दिनेछ ।

(३) उपनियम (२) बमोजिम आवश्यक जाँचबुझ र परीक्षण गर्दा स्वस्थता प्रमाणपत्र दिन उपयुक्त नदेखेमा कार्यालय प्रमुखले निवेदन परेको सात दिनभित्र सोको जानकारी अनुसूची-१३ बमोजिमको ढाँचामा सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

९. **कन्साइनमेन्ट लैजाने अनुमति सम्बन्धी व्यवस्थाः** (१) बिरुवा, बिरुवाजन्य उपज वा अन्य वस्तुको पारवहनमा रहेको कन्साइनमेन्ट नेपालको बाटो भएर अन्य कुनै मुलुकमा लैजान चाहने व्यक्ति वा संस्थाले एकहजार रुपैंया दस्तुर संलग्न गरी अनुसूची-१४ बमोजिमको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा देहायका कागजात संलग्न हुनु पर्नेछः-

(क) कन्साइनमेन्ट पैठारी गर्ने मुलुकले जारी गरेको पैठारी अनुमतिपत्र,

(ख) कन्साइनमेन्ट निकासी गर्ने मुलुकले जारी गरेको वस्तुको स्वस्थता प्रमाणपत्र,

(ग) कन्साइनमेन्टको बिलबिजक,

(घ) ढुवानीको साधन, तरीका र प्रयोग गर्ने बाटो,

(ङ) कन्साइनमेन्टमा रहेको वस्तुको उत्पत्तिको प्रमाणपत्र ।

(३) कार्यालयले उपनियम (१) बमोजिम प्राप्त निवेदनसाथ संलग्न कागजात र कन्साइनमेन्ट ठीक दुरुस्त भए नभएको जाँचबुझ गर्दा ऐनको दफा १३ को उपदफा (३) बमोजिमको अवस्था विद्यमान भएमा त्यस्तो कन्साइनमेन्ट नेपालको बाटो भएर अन्य मुलुकमा लैजान अनुसूची-१५ बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

(४) उपनियम (३) बमोजिम दिईएको अनुमति बमोजिम कुनै बिरुवा, बिरुवाजन्य उपज वा अन्य वस्तुको कन्साइनमेन्ट नेपालको बाटो भएर अन्य मुलुकमा लैजाने क्रममा नेपालभित्र कुनै

---

🕮 पहिलो संशोधनद्वारा संशोधन ।

कारणबाट टुटफुट भई त्यसमा रहेको शत्रुजीव बाहिर निस्कन वा फैलन सक्ने सम्भावना भएमा त्यस्तो कन्साइनमेन्ट लैजाने व्यक्तिले तुरुन्त नजिकको कार्यालय वा जिल्ला कृषि विकास कार्यालय वा कृषि सेवा केन्द्रमा सूचना गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम कुनै सूचना प्राप्त हुन आएमा कार्यालय वा जिल्ला कृषि विकास कार्यालय वा कृषि सेवा केन्द्रले तुरुन्त त्यस्तो कन्साइनमेन्टको निरीक्षण गरी शत्रुजीव फैलन नसक्ने व्यवस्था गरी त्यसको जानकारी यथाशीघ्र एक तह माथिल्लो निकाय वा कार्यालय र सङ्गठनलाई दिनु पर्नेछ ।

(६) नेपालको बाटो भएर लैजान लागिएको कन्साइनमेन्ट टुटफुट भई उपनियम (५) बमोजिमको अवस्था परेमा त्यसमा निषेधित शत्रुजीव बाहिर निस्कन नपाउने गरी पुनः प्याकेजिङ्ग गरेर मात्र त्यस्तो कन्साइनमेन्ट लैजान दिईनेछ । त्यसरी पुनः प्याकेजिङ्ग गर्दा गराउँदा लाग्ने खर्च सम्बन्धित व्यक्ति वा संस्थाले व्यहोर्नु पर्नेछ ।

१०. **<u>निरीक्षकको योग्यताः</u>** ऐनको दफा १४ बमोजिम निरीक्षकको पदमा तोकिनको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी नेपाल कृषि सेवाको बाली संरक्षण समूहमा कार्यरत अधिकृत वा सोही सेवा समूहको प्राविधिक सहायक पदमा रही क्वारेन्टाईन सम्बन्धी कामको कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको निजामती कर्मचारी हुन पर्नेछ ।

११. **<u>निरीक्षण गर्नेः</u>** (१) निरीक्षकले पैठारी वा निकासी हुने बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कन्ट्रोल एजेण्ट, लाभदायक कीरा वा अन्य वस्तु शत्रुजीवबाट संक्रमित भएको छ छैन भनी कन्साइनमेन्टमा रहेको वस्तु, त्यस्ता वस्तु रहेको झोला, पोका वा प्याकेट वा त्यसका लागि प्रयोग भएका वस्तु, त्यस्तो वस्तु राखिएको कन्टेनर तथा ढुवानीको साधनको निरीक्षण गर्नु पर्नेछ ।

[ह](१क) ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ख१) बमोजिम निरीक्षकले निकासी वा पैठारी हुने काठका सामग्रीमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको लोगो र प्रमाणीकरण भए नभएको सम्बन्धमा सुनिश्चित गर्दा देहायको आधारमा गर्नु पर्नेछः-

(क) त्यस्तो सामग्रीको सम्बन्धमा ई-फाइटो प्रणालीद्वारा अनुसूची-११ बमोजिम बिरुवा स्वस्थता प्रमाणपत्र जारी भए नभएको,

(ख) कन्साइनमेन्टलाई प्याकेजिङ्ग गर्ने काठको सामग्रीमा अनुसूची-१५क. बमोजिमको उपचार विधिबाट उपचार गरिए नगरिएको र अनुसूची-१५ख. बमोजिमको लोगो लागे नलागेको।

(२) उपनियम (१) बमोजिम निरीक्षण गर्दा निरीक्षकले निरीक्षण गरिने वस्तुमा माटो, बिरुवाका अवशेष वा झारपात वा जीवित कीरा भएको वा कुनै रोगका लक्षणहरु देखिएमा वा

[ह] पहिलो संशोधनद्वारा थप ।

त्यस्तो रोग लागेको शङ्का हुने कुनै वस्तु देखिएमा सोको उपचार गर्न वा गराउन आदेश दिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम निरीक्षण गर्दा निरीक्षण गरिने वस्तुमा उपनियम (२) बमोजिमका कुराहरु फेला नपरेमा वा कुनै रोग लागेको वा रोगको लक्षणहरु भएको नदेखिएमा त्यसरी ल्याइएको कन्साइनमेन्टमा रहेको वस्तुको आवश्यक नमूना लिई परीक्षणका लागि प्रयोगशालामा पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम लिईएको नमूनाको प्रयोगशाला परीक्षणबाट स्वस्थ रहेको प्रतिवेदन प्राप्त भएमा त्यस्ता कन्साइनमेन्ट निकासी वा पैठारीका लागि 📖<u>छोडपूर्जी दिन</u> पेश गर्नु पर्नेछ।

(५) उपनियम (३) बमोजिम लिईएको नमूनाको प्रयोगशालामा परीक्षण गर्दा परीक्षण गरिएको वस्तुको स्वस्थतामा शङ्का लागेमा पुनः परीक्षणको लागि थप सुविधासम्पन्न प्रयोगशालामा पठाउनु पर्नेछ । यसरी पुनः परीक्षण गर्न पठाइएकोमा सोको प्रयोगशाला प्रतिवेदन प्राप्त नभएसम्म कार्यालयले त्यस्तो कन्साइनमेन्ट क्वारेन्टाइन स्थलमा नै राख्न लगाउनु पर्नेछ ।

(६) उपनियम (३) वा (५) बमोजिम परीक्षण गर्न पठाईएको वस्तुको प्रयोगशाला प्रतिवेदनमा अस्वस्थ रहेको कुरा लेखी आएमा सो व्यहोरा सङ्गठनमा जानकारी गराई सङ्गठनको निर्देशन अनुसार नियम १३ बमोजिम उपचार गर्ने वा नियम १५ बमोजिम नष्ट गर्ने वा त्यस्तो वस्तु सम्बन्धित देशमा फिर्ता पठाउन आदेश दिनु पर्नेछ।

१२. **<u>परीक्षण गर्ने तरीकाः</u>** (१) निरीक्षकले नियम ११ को उपनियम (३) बमोजिम लिएको कन्साइनमेन्टको नमूना परीक्षणका लागि प्रयोगशालामा प्राप्त भएपछि देहायको कुनै एक वा एकभन्दा बढी परीक्षण विधि अवलम्बन गरी परीक्षण गर्नु पर्नेछः-

(क) सामान्य परीक्षणः शत्रुजीवबाट संक्रमित भए नभएको पत्ता लगाउन आँखाले हेरी सामान्य परीक्षण गर्ने।

(ख) धोएर परीक्षणः ढुसी भए नभएको पत्ता लगाउन सफा पानीमा आवश्यक रसायन मिसाई नमूना धोएर परीक्षण गर्ने ।

(ग) छानेर परीक्षणः जुका (नेमाटोड) भए नभएको पत्ता लगाउन सफा पानीमा सोली र छान्ने कागज ( फिल्टर पेपर ) को प्रयोग गरी परीक्षण गर्ने ।

(घ) सुक्ष्मदर्शक यन्त्रबाट परीक्षणः शत्रुजीवको पहिचानको लागि सुक्ष्मदर्शक यन्त्रको प्रयोग गरी परीक्षण गर्ने ।

(ङ) एक्सरे परीक्षणः बीउ बिजन (ग्रेन) हरुमा हुन सक्ने आन्तरिक संक्रमण पत्ता लगाउन एक्सरे मेशिनको प्रयोग गरी परीक्षण गर्ने ।

---

📖 पहिलो संशोधनद्वारा संशोधन ।

(च) इन्क्युबेशन परीक्षणः ढुसी वा शाकाणु (ब्याक्टेरिया) भए नभएको पत्ता लगाउन त्यसका लागि उपयुक्त माध्यम सहित इन्क्युबेशन मेशिनमा आवश्यकता अनुसारको समयसम्म राखी परीक्षण गर्ने ।

(छ) रोपेर गरिने परीक्षणः बीउ बिजन र बिरुवामा आन्तरिक संक्रमण भए नभएको पत्ता लगाउन त्यस्ता बीउ बिजन र बिरुवा पोष्ट इन्ट्री क्वारेन्टाइन स्थलमा रोपेर परीक्षण गर्ने ।

(२) उपनियम (१) मा लेखिएदेखि बाहेकका अन्य वस्तुको परीक्षण गर्नु पर्दा परीक्षण गरिने वस्तुको सामान्य परीक्षण गरी आवश्यकतानुसार त्यसको निसंक्रमण वा उपचार गर्नु पर्नेछ ।

१३. **<u>उपचार गर्ने तरीकाः</u>** निरीक्षकले बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कन्ट्रोल एजेण्ट, लाभदायक कीरा वा अन्य वस्तुको उपचार गर्नु परेमा देहायको कुनै एक वा एकभन्दा बढी उपचार विधि अवलम्बन गरी निसंक्रमण वा उपचार गर्नु गराउनु पर्नेछः-

(क) धूमिकरण उपचारः धूमिकरण विषादीबाट हावा नछिर्ने गरी कम्तीमा चौबीस घण्टा राखी उपचार गर्ने ।

(ख) भौतिक विधिबाट उपचारः शत्रुजीवको विशेषताको आधारमा भौतिक विधिबाट उपचार (जस्तै चिसो, ताप, विकिरण) गर्ने ।

(ग) रसायन विधिबाट उपचारः विभिन्न रसायनयुक्त विषादीहरुबाट (जस्तै धूलो, गेडा, झोल आदि) उपचार गर्ने।

१४. **<u>खानतलासी लिने कार्यविधिः</u>** (१) निरीक्षकले ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ग) बमोजिम कुनै परीक्षण क्षेत्र, भण्डारण स्थल वा अन्य कुनै ठाउँमा खानतलासी लिनु परेमा खानतलासी लिइने ठाउँका धनी वा सम्बन्धित व्यक्तिलाई खानतलासी लिन लागेको विषयमा सूचना दिई कम्तीमा दुई जना स्थानीय व्यक्तिहरुको रोहवरमा खानतलासी लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम खानतलासी लिने कार्यमा निरीक्षकलाई सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ । यसरी खानतलासी लिंदा कसैले वाधा विरोध गरेमा निरीक्षकले निजलाई सम्झाई बुझाई उक्त स्थानमा प्रवेश गरी खानतलासी लिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम सम्झाई बुझाई गर्दा पनि बाधा विरोध गरेमा त्यस्तो वाधा विरोध गर्ने व्यक्तिलाई निरीक्षकले त्यस प्रकारको कार्यबाट पर्न सक्ने असर समेत उल्लेख गरी बाधा विरोध नगर्नका लागि आदेश दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम आदेश दिंदा पनि बाधा विरोध जारी राखेमा त्यस्तो ब्यक्तिलाई कार्यालय प्रमुखले ऐनको दफा २३ को खण्ड (घ) बमोजिम जरिवाना गर्न सक्नेछ ।

(५) निरीक्षकले यस नियम बमोजिम खानतलासी लिंदा खानतलासी लिइएको ठाउँमा बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कन्ट्रोल एजेण्ट, लाभदायक कीरा वा अन्य वस्तु भएको पाईएमा त्यस्ता वस्तुको सम्पूर्ण विवरण खुलाई मुचुल्का तयार गरी सो स्थानको धनी वा सम्बन्धित

व्यक्ति तथा उपस्थित अन्य व्यक्तिहरुको समेत सही छाप गराई एक प्रति सम्बन्धित व्यक्तिलाई दिई एक प्रति आफूसँग फाइल संलग्न गरी राख्नु पर्नेछ।

(६) निरीक्षकले उपनियम (५) बमोजिम फेला परेका वस्तुहरुको आवश्यक मात्रामा नमूना लिई सिलबन्दी गरी सो वस्तुको धनी वा सम्बन्धित व्यक्ति, रोहवरमा रहेका व्यक्ति र निरीक्षकले सही छाप गराई नमूनाको स्वस्थता परीक्षण गर्न नियम ११ को उपनियम (३) बमोजिम प्रयोगशालामा पठाउनु पर्नेछ । त्यसरी नमूना लिएपछि बाँकी रहेका वस्तुहरु अवस्था अनुसार कब्जामा लिने वा सोही ठाउँमा शिलबन्दी गरी राख्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम परीक्षण गर्न पठाईएको वस्तुको प्रयोगशाला परीक्षणबाट त्यस्तो वस्तु अस्वस्थ रहेको पाईएमा सो वस्तुको सम्बन्धमा नियम ११ को उपनियम (६) बमोजिम उपचार गर्ने, नष्ट गर्ने वा त्यस्तो वस्तु सम्बन्धित देशमा फिर्ता पठाउने आदेश दिनु पर्नेछ।

(८) यस नियम बमोजिम कुनै ठाउँको खानतलासी लिंदा कुनै वस्तु फेला नपरेमा वा असम्बन्धित वस्तु फेला परेमा सोही व्यहोरा मुचुल्कामा उल्लेख गरी फाइल संलग्न गर्नु पर्नेछ।

(९) निरीक्षकले खानतलासी गर्दा उपनियम (६) बमोजिम कुनै वस्तु आफ्नो कब्जामा लिनु पर्ने भएमा कब्जामा लिन लागिएको वस्तु, मात्रा, सङ्ख्या, अवस्था समेतको व्यहोरा उल्लेख गरी भरपाई तयार गरी त्यस्तो वस्तुको धनी वा सम्बन्धित व्यक्तिलाई एकप्रति भरपाई दिई अर्कोप्रति फाईल संलग्न गर्नु पर्नेछ ।

१५. **नष्ट गर्ने प्रक्रियाः** निरीक्षकले कुनै बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कन्ट्रोल एजेण्ट, लाभदायक कीरा वा अन्य वस्तुको उपचार हुन नसक्ने भई वा अन्य कुनै कारणले ऐन तथा यस नियमावली बमोजिम त्यस्तो वस्तु नष्ट गर्नु पर्ने भएमा देहायको प्रक्रिया पूरा गरी नष्ट गर्नु पर्नेछः-

(क) नष्ट गर्नु पर्ने वस्तुलाई अन्य संक्रमण हुन नपाउने गरी बेग्लै राख्ने,

(ख) खण्ड (क) बमोजिम राखिएका वस्तुको प्रकृति र परिमाण समेतलाई विचार गरी गाड्नु पर्ने भए आवश्यक रसायनको प्रयोग गर्ने र जलाउनु पर्ने भए उपयुक्त स्थानको व्यवस्था गर्ने,

(ग) खण्ड (ख) बमोजिम गाडिने वस्तु वा जलाईएपछिको खरानीलाई खाड़लमा राखी माटोले पूरी दिने ।

१६. **निरीक्षकको काम, कर्तव्य र अधिकारः** ऐन तथा यस नियमावलीमा अन्यत्र तोकिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कन्ट्रोल एजेण्ट, लाभदायक कीरा तथा अन्य वस्तुको ओसार-पसार र प्रयोग सम्बन्धमा तोकिएका शर्त तथा बन्देजको पालना भए नभएको अनुगमन गर्ने र पालना भएको नपाईएमा सोको पालना गर्न लगाउने,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) शत्रुजीव मुक्त क्षेत्र, शत्रुजीव मुक्त उत्पादनस्थल तथा कम शत्रुजीव संक्रमित क्षेत्र पहिचान गर्ने कार्यमा सङ्गठनलाई सहयोग गर्ने ।

१७. **शर्त तथा बन्देज अनुरुप नभएमा गर्ने:** (१) कुनै व्यक्ति वा संस्थाले पैठारी गरेका बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कन्ट्रोल एजेण्ट, लाभदायक कीरा वा अन्य वस्तु प्रचलित नेपाल कानूनले तोकेको शर्त तथा बन्देज अनुकूल नभएमा त्यस्ता वस्तु कार्यालयले उपचार गरी प्रवेश गर्न दिन वा नष्ट गर्न वा सम्बन्धित मुलुकमा फिर्ता पठाउने सम्बन्धमा निर्देशनको लागि सोको सूचना तुरुन्त सङ्गठनलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्राप्त भएमा सङ्गठनले सो सम्बन्धी जानकारी सम्बन्धित मुलुकको राष्ट्रिय बिरुवा संरक्षण सङ्गठनलाई गराई त्यस्तो बस्तुको सम्बन्धमा गर्नु पर्ने कारबाहीको लागि सम्बन्धित कार्यालयलाई आवश्यक निर्देशन दिनु पर्नेछ ।

(३) कार्यालयले उपनियम (२) बमोजिम सङ्गठनबाट प्राप्त निर्देशन बमोजिम कुनै वस्तु नष्ट गर्नु वा सम्बन्धित मुलुकमा फिर्ता पठाउनु पर्नेछ ।

१८. **रकम जम्मा गर्नु पर्ने:** कार्यालयले ऐनको दफा २६ को प्रयोजनको लागि रकम तोक्दा पैठारी गरिने वस्तुको बिल बिजकमा उल्लिखित रकमको पचास प्रतिशत रकम जम्मा गर्न आदेश दिन सक्नेछ ।

१९. **अनुसन्धान तथा तहकिकात सम्बन्धी कार्यविधि:** (१) ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य भएको भन्ने सम्बन्धमा कार्यालयलाई कुनै व्यक्तिले वा माध्यमबाट सूचना प्राप्त भएमा वा मालवस्तुको निरीक्षण वा परीक्षणको क्रममा ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य भएको पाईएमा सोको व्यहोरा कार्यालयमा अभिलेखकृत गरी कसूरको प्रमाण नष्ट नहुने गरी निरीक्षकले तुरुन्त आवश्यक अनुसन्धान तथा तहकिकात शुरु गर्नु पर्नेछ ।

(२) निरीक्षकले कसूरको अनुसन्धान तथा तहकिकात गर्दा त्यस्तो कसूरसँग सम्बन्धित व्यक्तिसँग आवश्यक कागजात तथा सोसँग सम्बन्धित वस्तुको विवरण माग गर्ने, बयान गराउने, प्रमाण संकलन गर्ने तथा प्राप्त कागजात र वस्तुका सम्बन्धमा परीक्षण गर्नु पर्ने देखेमा त्यस्तो वस्तुलाई यथास्थितिमा राख्न लगाई सो को आवश्यक मात्रामा नमूना लिई परीक्षण गर्नु गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम परीक्षणका लागि पठाईएकोमा परीक्षण प्रतिवेदनबाट त्यस्तो वस्तु स्वस्थ भएको प्रमाणित भएमा वा नियम १३ बमोजिम उपचार गराउँदा स्वस्थ भएमा त्यस्तो वस्तुको बील बिजक अनुसारको रकम धरौटी लिई त्यस्तो माल वस्तु सडीगली जाने प्रकृतिको भए लिलाम गर्ने र सडीगली नजाने भए वस्तुको भरपाई सम्बन्धित व्यक्तिलाई दिई आफ्नो नियन्त्रणमा लिई सुरक्षित साथ राख्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम परीक्षणका लागि पठाईएको वस्तुको परीक्षणबाट त्यस्तो वस्तु संक्रमित रही रहेको र उपचार हुन नसक्ने भन्ने प्रतिवेदन प्राप्त भएमा वा क्वारेण्टाइन शत्रुजीव

रहेको पाईएमा वा सो वस्तु ऐन तथा यस नियमावली बमोजिम निषेधित वस्तु भएमा त्यस्तो वस्तु जफत गरी नियम १५ बमोजिम नष्ट गर्नु गराउनु पर्नेछ ।

(५) निरीक्षकले यस नियम बमोजिम आवश्यक प्रमाण कागजात संकलन गरिसकेपछि अनुसूची-१६ बमोजिमको ढाँचामा अभियोगपत्र तयार गरी सम्पूर्ण कागजात सहितको मिसिल ऐनको दफा २७ को उपदफा (३) बमोजिम सम्बन्धित जिल्लाको जिल्ला सरकारी वकिल समक्ष पठाउनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम सरकारी वकिलबाट राय प्राप्त भएपछि सोही बमोजिम निरीक्षकले मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

२०. **मुद्दा हेर्ने अधिकारीः** ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा [📖]सम्बन्धित कार्यालय वा केन्द्रले तोकेको वरिष्ठ बाली संरक्षण अधिकृतले गर्नेछ ।

२१. **निर्देशिका बनाई लागू गर्न सक्नेः** (१) मन्त्रालयले बिरुवा स्वस्थता सम्बन्धी विषयमा आवश्यक निर्देशिका बनाई लागू गर्न सक्ने छ ।

(२) उपनियम (१) बमोजिम जारी भएको निर्देशिकाको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२२. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेः** मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

२३. **खारेजी र बचाउः** (१) बिरुवा संरक्षण नियमावली, २०३१ खारेज गरिएको छ ।

(२) उपनियम (१) बमोजिमको नियमावली बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिने छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

[📖] पहिलो संशोधनद्वारा संशोधन ।

## अनुसूची-१

**(नियम ५ को [📖]उपनियम (१) र (३) सँग सम्बन्धित)**

**प्रवेश अनुमतिपत्रको लागि दिईने निवेदनको ढाँचा**

श्री कार्यालय प्रमुखज्यू,

.. ...। ... ... ... ।

**विषयः प्रवेश अनुमतिपत्र पाऊँ ।**

म/हामी ..................(पैठारीकर्ताको नाम) ले देहायको वस्तु पैठारी गर्न चाहेकोले आवश्यक दस्तुर यसैसाथ संलग्न गरी बिरुवा संरक्षण ऐन, २०६४ को दफा ८ तथा बिरुवा संरक्षण नियमावली, २०६६ को नियम ५ को उपनियम (१) बमोजिम प्रवेश अनुमतिपत्र पाऊँ भनि यो निवेदन पेश गरेको छु/छौं ।

१. पैठारी गरिने वस्तुको विवरणः
   (क) वीउ, प्रजनन बिरुवाहरु
   (ख) उपभोग्य वस्तु
   (ग) प्रयोगशालाका स्पेसिमेन, वायोलोजिकल कन्ट्रोल एजेन्ट, लाभदायक कीरा
   (घ) अन्य (... ... ... ... उल्लेख गर्ने)

२. पैठारीकर्ताको नाम र ठेगानाः

३. दर्ता नं./संस्थाः

४. प्यान नं.:

५. परिचय नं. (राहदानी वा नागरिकताको प्रमाणपत्रको नं.):

६. निकासीकर्ताको नाम र ठेगानाः

७. वस्तुको वैज्ञानिक नामः

८. वस्तुको साधारण नामः

९. जातः

१०. परिमाण/मात्रा (कुल तौल): मेट्रीक टन ... ... केजी ... ... ग्राम ... ... इकाई ... ...

११. परिमाण/मात्रा (शुद्ध तौल): मेट्रीक टन ... ... केजी ... ... ग्राम ... ... इकाई ... ...

१२. उत्पत्तिको मुलुकः

१३. वस्तु चलानी गरेको मुलुक (कन्ट्रि अफ सिपमेन्ट):

१४. वस्तु चलानी गरेको विदेशी वन्दरगाहः

१५. प्रवेश नाकाः

१६. पोकाहरुको सङ्ख्या र विवरणः

१७. पहिचान चिन्हः

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

[📖] पहिलो संशोधनद्वारा थप ।

१८. साधनको किसिमः ☐ पानीजहाज ☐ हवाईजहाज ☐ सडक सवारी ☐ रेल यात्रुवाहक ☐

१९. साधनको नामः

२०. आगमन मितिः

२१. अन्तिम गन्तव्यस्थलः

२२. पैठारी गर्नु पर्ने कारणः

**घोषणा**

माथि उल्लिखित विवरणहरु मैले/हामीले जाने बुझेसम्म ठीक साँचो र पूर्ण छन् कार्यालयले माग गरेको प्रवेश अनुमतिपत्र जारी गर्नका लागि आवश्यक पर्ने कुनै पनि सम्बद्ध जानकारी तथा सम्बन्धित कागजातहरु उपलब्ध गराउने छु/छौं र प्रवेश अनुमतिपत्रमा उल्लिखित निर्देशनहरुको पालना गर्न मन्जुर गर्दछु/गर्दछौं।

निवेदकको,-

| | | |
|---|---|---|
| मितिः | (पैठारीकर्ता संस्था भएमा | दस्तखतः |
| स्थानः | संस्थाको छाप) | नामः |
| | | पदः |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## 🕮अनुसूची-२

(नियम ५ को उपनियम (१) को खण्ड (च) सँग सम्बन्धित)

कबुलियतनामाको ढाँचा

**विषय : कबुलियतनामा**

...........प्रदेश................ जिल्ला.................... पालिका वडा नं. ... बस्ने ............................ को नाति/नातिनी, ....................................को छोरा/छोरी, वर्ष ....... को म श्री ........................................................ ले ................. (देशको नाम) बाट .................. (बिरुवाको नाम) को बिरुवा .................. परिमाणमा पैठारी गरी ल्याउन चाहेकोले सो बिरुवा नेपालमा प्रवेश अनुमतिको लागि अनुरोध गरेको छु। मैले ल्याएको उक्त बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४, बिरुवा क्वारेन्टाइन तथा संरक्षण नियमावली, २०६६ तथा त्यस अन्तर्गत तोकिएका शर्त बन्देज र देहायको शर्तको अधीनमा रही उपयोग गर्नेछु। उल्लिखित कानून तथा शर्तको विपरीत उपयोग गरेमा कानून बमोजिमको कारबाही भएमा मेरो मन्जुरी छ भनी मेरो राजीखुसीले यो कबुलियतनामा गरिदिएको छु।

**उपयोगका शर्तहरू**

१. मैले पैठारी गरेको उक्त बिरुवा मैले जिल्ला ............ गापा/नपा ........ वडा नं ........ मा सञ्चालन गरेको पूर्व ............. पश्चिम ................. उत्तर .................. दक्षिण ..................... चारकिल्ला भित्र रहेको कित्ता नं. ............ क्षेत्रफल ........ भएको ........ फार्मको जग्गामा लगाउने छु ।

२. मैले बिरुवा नेपाल सरकारको आधिकारिक निकायको सिफारिस बिना बिक्री वितरण गर्ने छैन ।

३. उक्त बिरुवा लगाउँदा कुनै कारणले उत्पादन हुन नसकेको वा कुनै कारणले लगाइएको बिरुवा नष्ट गर्नु पर्ने परिस्थितिमा कुनै निकायमा क्षतिपूर्ति लगायत कुनै कुरा दाबी गर्ने छैन ।

४. उक्त बिरुवा पैठारी पछिको यथार्थ विवरण सम्बन्धित कार्यालय वा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रमा पेश गर्नेछु ।

इति संवत् ..... साल ......महिना ..... गते रोज....शुभम्.................. ।

---

🕮 पहिलो संशोधनद्वारा संशोधित ।

## 📖अनुसूची-३

(नियम ५ को उपनियम (१) को खण्ड (छ) सँग सम्बन्धित)

## व्यावसायिक रुपमा बिरुवा तथा बिरुवाजन्य सामग्री पैठारी गरी रोपण गर्नका लागि दिईने सिफारिसपत्रको ढाँचा

श्री ........................ कार्यालय

विषय: व्यावसायिक रुपमा बिरुवा तथा बिरुवाजन्य सामग्री पैठारी गरी रोपण गर्ने सिफारिसपत्र ।

१. बिरुवा रोप्न चाहने धनीको नाम थरः

२. पूरा ठेगाना (प्रदेश/जिल्ला/पालिका/वडा नं./स्थान)

३. बिरुवा रोप्न लागिएको जग्गाको क्षेत्रफलः

४. जग्गाको स्वामित्वः (आफ्नै वा लिजमा लिएको भए कति वर्षको लागि लिएको हो सोको प्रमाण र विवरण)

५. पैठारी गर्न अनुमति चाहेको बिरुवाको विवरणः

बिरुवाः जातः परिमाणः

६. निकासी गर्न चाहेको मुलुकः

७. बिरुवा रोप्न लागिएको जग्गाको प्राविधिक दृष्टिकोणले उपयुक्तताः

(समुद्र सतह देखिको उचाई, मोहडा, माटोको उपयुक्तता, सडक सञ्जालबाट दुरी लगायत अन्य प्राविधिक दृष्टिकोणले उपयुक्त रहे नरहेको विवरण)

८. सम्बन्धित जिल्लाको विषयगत निकायको नाम, ठेगाना र पदाधिकारीको नाम र पदः

९. बिरुवा रोप्न लागिएको बगैंचाको लागि सहयोगी निकाय/परियोजना (कुनै भएमा)

कार्यक्रमको नामः
कार्यक्रमको विवरणः
प्रदान गरिने सहयोगको विवरणः

१०. निष्कर्षः

११. सिफारिसः

१२. सिफारिस गर्ने पदाधिकारीको नाम/पदः

दस्तखतः
कार्यालयको छापः
मितिः

📖 पहिलो संशोधनद्वारा संशोधित ।

🕮अनुसूची-४

(नियम ५ को उपनियम (२) र (४) सँग सम्बन्धित)

**प्रवेश अनुमतिपत्रको ढाँचा**

Government of Nepal

Ministry of Agriculture and Livestock Development

**Plant Quarantine and Pesticide Management Centre**

**Entry Permit of .......................**

| | | | |
|---|---|---|---|
| APPROVAL REFERENCE | | REQUEST REFERENCE | |
| APPROVAL DATE | | REQUEST DATE | |
| VALIDITY PERIOD | | INVOICE NUMBER | |

**This entry permit is hereby issued to the following importer pursuant to Section 8 of the Plant Quarantine and Protection Act, 2007 and Sub rule (2) of rule 5 of Plant Protection and Quarantine Regulation, 2010 to import into Nepal the following plant or plant products on the following terms and conditions.**

| | | | |
|---|---|---|---|
| Name and Address of the Importer | | Name and Address of the Exporter | |
| Purpose/End Use | | Country of Export | |
| Entry Point | | Final Destination | |
| Tolerance Rate | | | |

**Items**

| S. N. | HS Code | Scientific Name | Commercial Description | Classification /Stage of growth | Variety | Country of Origin | Number of Specimen | Package type | Package Marks | Amount/Quantity |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

- **General Entry Conditions:**
  1. The consignment of plants or plant products has to be free from soil, seeds of weeds and other organisms.
  2. Such consignment has to be accompanied by an authentic phyto-sanitary certificate.
- **Special Entry Conditions/Additional Declaration:**

Name of the Authorized Officer:

Place of Issue:
Name of Office

QR Code

print Date:

🕮 पहिलो संशोधनद्वारा संशोधित ।

## अनुसूची-५

✂.............................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

**अनुसूची-६**

**(नियम ५ को उपनियम (६) सँग सम्बन्धित)**

**<u>प्रवेश अनुमतिपत्र दिन उपयुक्त नदेखिएमा दिईने जानकारीको ढाँचा</u>**

नेपाल सरकार

कृषि तथा सहकारी मन्त्रालय

कृषि विभाग

बाली संरक्षण निर्देशनालय

राष्ट्रिय प्लान्ट क्वारेन्टाइन कार्यक्रम

..........................कार्यालय

श्री ... ... ... ... ... ... ...

... ... ... ... ... ... ...

**विषयः <u>प्रवेश अनुमतिपत्र दिन उपयुक्त नदेखिएको व्यहोरा जानकारी गराईएको</u> ।**

तपाईले देहायको बस्तु पैठारी गर्ने प्रवेश अनुमतिपत्र पाउनको लागि यस कार्यालयमा मिति ...........मा दिनु भएको निवेदन उपर कारबाही हुँदा देहायको आधार र कारणबाट त्यस्तो वस्तु पैठारी गर्ने प्रवेश अनुमतिपत्र दिन उपयुक्त नदेखिएको व्यहोरा बिरुवा संरक्षण ऐन, २०६४ को दफा ८ को उपदफा (३) तथा बिरुवा संरक्षण नियमावली, २०६६ को नियम ५ को उपनियम (६) बमोजिम जानकारीको लागि अनुरोध गरिन्छ ।

१. प्रवेश अनुमतिपत्र पाउनको लागि दिएको निवेदन सङ्ख्या र मितिः

२. पैठारी गर्न चाहेको बस्तुको बिबरणः

(क) वस्तुको नामः

(ख) परिमाण (तौल/सङ्ख्याः

(ग) पोकाहरुको सङ्ख्या

(घ) पहिचान चिन्हः

(ङ) निकासी गर्ने मुलुकको नामः

(च) बिजक सङ्ख्या

३. प्रवेश नाकामा ल्याईएका वस्तुकोलागि प्रवेश अनुमति माग गरेको भएमा,-

(क) त्यस्तो वस्तु निरीक्षण गरेको मितिः

(ख) निरीक्षण गरेको स्थानः

(ग) कन्साइनमेन्टको विवरणः

४. प्रवेश अनुमतिपत्र दिन उपयुक्त नदेखिएको आधार र कारणहरुः



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) निषेधित कन्साईनमेन्ट भएको (*के कस्तो कन्साईनमेन्ट हो र कुन कानूनबाट निषेधित हो प्रष्ट खुलाउने*)

(ख) पैठारी शर्त तथा बन्देज अनुरुप नभएको (*के कस्तो शर्त तथा बन्देज अनुरुप भएन प्रष्ट खुलाउने*)

(ग) उपचार उपलब्ध नभएको (के कस्तो उपचार गर्नु पर्ने थियो र त्यस्ता उपचार नेपालभित्र उपलब्ध भए नभएको र भएमा आर्थिक रुपले संभव भए नभएको प्रष्ट खुलाउने)

(घ) कागजातहरु अपर्याप्त वा आधिकारीक नभएको (कुन कुन कागजात नपुगेको हो खुलाउने)

(ङ) अन्य कुनै कारण भएमा खुलाउनेः

<u>निर्णय गर्ने अधिकारीको,-</u>

मितिः दस्तखतः

कार्यालयको छापः नाम थरः

पदः

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-७

✂.............................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

## अनुसूची-८

✂..............................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

**अनुसूची-९**

**(नियम ७ को उपनियम (४) सँग सम्बन्धित)**

**<u>छोडपूर्जीको ढाँचा</u>**

नेपाल सरकार

कृषि तथा सहकारी मन्त्रालय

कृषि विभाग

बाली संरक्षण निर्देशनालय

राष्ट्रिय प्लान्ट क्वारेन्टाइन कार्यक्रम

................ कार्यालय

**<u>छोडपूर्जी</u>**

छोडपूर्जी आदेश सङ्ख्या नं.ः

श्री ................ (पैठारीकर्ताको नाम र ठेगाना)

.............................. ।

तपाईले यस नाकाबाट पैठारी गर्न लागेको देहायको वस्तु बिरुवा संरक्षण ऐन, २०६४ तथा बिरुवा संरक्षण नियमावली, २०६६ को प्रतिकुल रहेको नपाईएकोले बिरुवा संरक्षण नियमावली, २०६६ को नियम ७ को उपनियम (४) बमोजिम नेपालभित्र ल्याउन यो छोडपूर्जी दिईएको छ।

| | | | |
|---|---|---|---|
| छोडपूर्जी दिईएको वस्तुको,- | | | |
| निकासीकर्ताको नाम र ठेगानाः | | | |
| साधारण नाम | वैज्ञानिक नाम | परिमाण | पोकाहरुको सङ्ख्या |
| | | | |
| उत्पत्तिको मुलुक | | प्रवेश अनुमतिको निवेदन सङ्ख्या र मिति | |
| | | | |
| निरीक्षण गरेको मिति | | प्रवेश नाका | |
| | | | |
| प्रवेश अनुमतिपत्र सङ्ख्या | प्रवेश अनुमतिपत्रको बहाली अवधि | बिरुवा स्वस्थता प्रमाणपत्र सङ्ख्या | आगमन मिति |
| | | | |
| उद्देश्य/उपयोग | पहिचान चिन्ह | ढुवानीको साधनको नाम, नम्बर, किसिम र सङ्ख्या | |
| | | | |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

<table>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="4">छोडपूर्जीको विशेष शर्त/टिप्पणीहरु<br>(क)<br>(ख)<br>(ग)<br>(घ)</td></tr>
<tr><td>मितिः<br>जारी गरेको स्थानः</td><td>कार्यालयको<br>छाप</td><td colspan="2"><u>छोडपूर्जीको आदेश दिने अधिकारीको,-</u><br>दस्तखतः<br>नाम, थरः<br>पदः</td></tr>
</table>

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-१०

✂.............................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

## अनुसूची-११

(नियम ८ को उपनियम (२) र नियम ११ को उपनियम (१क) को खण्ड (क) सँग सम्बन्धित)

**बिरुवा स्वस्थ्यता प्रमाणपत्र र पुन:निकासी स्वस्थ्यता प्रमाणपत्रको ढाँचा**

Government of Nepal

Ministry of Agriculture and Livestock Development

**Plant Quarantine and Pesticide Management Centre**

**PHYTOSANITORY/RE-EXPORT PHYTOSANITARY CERTIFICATE**

| | | | |
|---|---|---|---|
| PHYTOSANITARY CERTIFICATE NUMBER | | REQUEST REFERENCE | |
| APPROVAL DATE | | REQUEST DATE | |
| EXIT WITHIN 5 DAYS FROM | | INVOICE NUMBER | |
| COMPANY CODE | | INVOICE DATE | |
| From: Plant Protection Organization of Nepal | | To: Plant Protection Organization(s) of …….. | |

| **I. DESCRIPTION OF CONSIGNMENT** | | | |
|---|---|---|---|
| Name and address of exporter | | Declared name and address of consignee | |
| Number and description of packages | | Distinguishing marks | |
| Place of origin | | Declared Mode of conveyance | |
| Botanical name of plants | | **IPPC Hub Number** | |

| **S.N.** | **HS Code** | **Botanical Name** | **Commercial Description** | **Country of Origin** | **Package Number** | **Package type** | **Package Marks** | **Amount/Quantity** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

This is to certify that the plant and plant products or other regulated articles described herein have been inspected and/or tested according to appropriate official procedures and are considered to be free from the quarantine pests specified by the importing contracting party and to conform with the current phytosanitary requirements of the importing contracting party, including those for regulated non-quarantine pests. ………………………………

| II. ADDITIONAL DECLARATION |
|---|
| |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| III.DISINFECTION AND /OR DISINFECTION TREATMENT | | |
|---|---|---|
| Treatment date: | Treatment: | |
| Chemical (Active ingredient): | Duration and temperature: | |
| Concentration: | Additional information: | |
| Date issued: | | |

| | |
|---|---|
| Name and Signature of Authorized Officer<br><br>Place of Issue: | OFFICIAL SEAL |

QR Code

Print Date:

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-१२

✂.............................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

**अनुसूची-१३**

**(नियम ८ को उपनियम (३) सँग सम्बन्धित)**

**बिरुवा स्वस्थता प्रमाणपत्र दिन उपयुक्त नदेखिएमा दिने सूचनाको ढाँचा**

नेपाल सरकार

कृषि तथा सहकारी मन्त्रालय

कृषि विभाग

बाली संरक्षण निर्देशनालय

राष्ट्रिय प्लान्ट क्वारेन्टाइन कार्यक्रम

..................कार्यालय

श्री ... ... ... ... ... ... ...

... ... ... ... ... ... .. ... ... ...

**विषयः बिरुवा स्वस्थता प्रमाणपत्र दिन उपयुक्त नदेखिएको जनाकारी गराएको ।**

तपाईले देहायको बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कन्ट्रोल एजेण्ट, लाभदायक कीरा निकासी गर्नको लागि बिरुवा स्वस्थता प्रमाणपत्र पाउनको लागि यस कार्यालयमा मिति ............मा दिनु भएको निवेदन उपर कारबाही हुँदा देहायको आधार र कारणबाट निवेदनमाग बमोजिमको बिरुवा स्वस्थता प्रमाणपत्र दिन उपयुक्त नदेखिएको व्यहोरा बिरुवा संरक्षण नियमावली, २०६६ को नियम ८ को उपनियम (३) बमोजिम जानकारी गराईन्छ ।

<table>
<tr><td colspan="3">बिरुवा स्वस्थता प्रमाणपत्र माग गरिएको बस्तुको बिबरणः</td></tr>
<tr><td>वस्तु</td><td>परिमाण (तौल/सङ्ख्या)</td><td>पोकाहरुको सङ्ख्या</td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td>पहिचान चिन्ह</td><td>निकासी गर्ने मुलुक</td><td>बिजक सङ्ख्या</td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td>निरीक्षण गरेको मिति</td><td>निरीक्षण गरेको स्थान</td><td>कन्साइनमेन्टको विवरण</td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td colspan="3">बदर गर्नुको कारण<br>• पैठारी गर्ने मुलुकको पैठारी शर्तहरु अनुरुप नभएको<br>• उपचार प्रभावकारी नभएको<br>• कागजातहरु अपर्याप्त वा आधिकारीक नभएको<br>• अन्य</td></tr>
</table>

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

<u>निर्णय गर्ने अधिकारीको,-</u>

| | |
|---|---|
| मितिः | दस्तखतः |
| कार्यालयको छापः | नाम थरः |
| | पदः |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-१४
## (नियम ९ को उपनियम (१) सँग सम्बन्धित)
## पारवहनमा रहेका कन्साइनमेन्ट लैजान अनुमतिको लागि दिने निवेदनको ढाँचा

निवेदन सङ्ख्या

(कार्यालय प्रयोजनको लागि मात्र)

श्री कार्यालय प्रमुखज्यू,

.................................... ।

**विषयः पारवहनमा रहेको कन्साइनमेन्ट नेपालको बाटो भएर लैजाने अनुमति पाँऊ ।**

देहाय वमोजिमको बिरुवा वा बिरुवाजन्य उपज वा अन्य वस्तुको पारवहनमा रहेको कन्साइनमेन्ट नेपालको बाटो भएर ............... मुलुकमा लैजानु पर्ने भएकोले सोको लागि अनुमतिको लागि बिरुवा संरक्षण ऐन, २०६४ को दफा १३ को उपदफा (१) तथा बिरुवा संरक्षण नियमावली, २०६६ को नियम ९ को उपनियम (१) बमोजिम यो निवेदन पेश गरेको छु/छौं ।

१. कन्साइनमेन्टमा रहेका बस्तुको विवरण

(क) वीउ, प्रजनन बिरुवाहरु

(ख) उपभोग्य वस्तु

(ग) प्रयोगशालाका स्पेसिमेन, वायोलोजिकल कन्ट्रोल, लाभदायक कीरा

(घ) अन्य (... ... ... ... उल्लेख गर्ने)

२. निकासीकर्ताको नाम र ठेगानाः

३. दर्ता नम्बर/संस्थाः

४. प्यान नं.:

५. परिचय सङ्ख्या (राहदानी वा नागरिकताको प्रमाणपत्रको सङ्ख्या):

६. लिएर जाने ब्यक्तिको नाम र ठेगानाः

७. वस्तुको वैज्ञानिक नामः

८. वस्तुको साधारण नामः

९. जातः

१०. परिमाण/मात्रा (कुल तौल): मेट्रीक टन ... ... केजी ... ... ग्राम ... ... इकाई ... ...

११. परिमाण/मात्रा (शुद्ध तौल): मेट्रीक टन ... ... केजी ... ... ग्राम ... ... इकाई ... ...

१२. उत्पत्तिको मुलुकः

१३. चलानी गरेको मुलुक (कन्ट्रि अफ सिपमेन्ट):

१४. चलानी गरेको विदेशी वन्दरगाहः

१५. प्रवेश नाका / विन्दुः

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१६. पोकाहरुको सङ्ख्या र विवरणः

१७. पहिचान चिन्हः

१८. साधनको किसिमः पानीजहाज हवाईजहाज सडक सवारी
रेल यात्रुवाहक

१९. साधनको नामः

२०. आगमन मितिः

२१. अन्तिम गन्तव्यस्थलः

**घोषणा**

माथि उल्लिखित विवरणहरु मैले/हामीले जाने बुझेसम्म ठीक साँचो र पूर्ण छन् । पारवहनमा रहेको वस्तुको कन्साइनमेन्टको फुकुवा पत्रको लागि आवश्यक हुनसक्ने कार्यालयले माग गरेको कुनै पनि सम्बद्ध जानकारी तथा सम्बन्धित कागजातहरु उपलब्ध गराउने छु/छौं ।

निवेदकको,-

मितिः दस्तखत

स्थानःः नाम थरः

(पैठारीकर्ता संस्था भएमा संस्थाको छाप) पदः

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-१५

**(नियम ९ को उपनियम (३) सँग सम्बन्धित)**

**<u>पारवहनमा रहेका कन्साइनमेन्टको लैजाने अनुमतिपत्रको ढाँचा</u>**

नेपाल सरकार

कृषि तथा सहकारी मन्त्रालय

कृषि विभाग

बाली संरक्षण निर्देशनालय

राष्ट्रिय प्लान्ट क्वारेन्टाइन कार्यक्रम

......................कार्यालय

अनुमतिपत्र सङ्ख्या

श्री ......................

.................................................. ।

**विषयः <u>अनुमति दिईएको</u> ।**

देहाय वमोजिमको बिरुवा वा बिरुवाजन्य उपज वा अन्य वस्तुको पारवहनमा रहेको कन्साइनमेन्ट नेपालको बाटो भएर .............. मुलुकमा लैजानको लागि अनुमतिपत्रपाऊँ भनि दिनु भएको निवेदन उपर कारबाही हुँदा देहायका शर्त तथा अवस्थाको अधिनमा रही त्यस्तो कन्साइनमेन्ट नेपालको बाटो भएर लैजान बिरुवा संरक्षण ऐन, २०६४ को दफा १३ को उपदफा (३) तथा बिरुवा संरक्षण नियमावली, २०६६ को नियम ९ को उपनियम (३) बमोजिम अनुमति दिईएको छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१. पैठारीकर्ताको नाम र ठेगानाः

२. निकासीकर्ताको नाम र ठेगानाः

३. बिरुवा वा बिरुवाजन्य उपज वा अन्य वस्तुको विवरणः-

(क) साधारण नामः

(ख) वैज्ञानिक नामः

(ग) परिमाणः

(घ) पोकाहरुको सङ्ख्या

४. उत्पत्तिको मुलुकः

५. प्रवेश सङ्ख्याको बिल र मितिः

६. प्रवेश नाकाः

७. निरीक्षण गरेको मितिः

८. पैठारी इजाजतपत्र सङ्ख्या

९. पैठारी इजाजतपत्रको बहाली अवधिः

१०. बिरुवा स्वस्थता प्रमाणपत्र सङ्ख्या

११. आगमन मितिः

१२. उद्देश्यः

१३. अन्तिम उपयोगः

१४. पहिचान चिन्हः

१५. ढुवानीको साधनको किसिम र सङ्ख्या

१६. पारबहनमा रहेका कन्साइनमेन्ट लैजाने सम्बन्धी विशेष शर्त/टिप्पणीहरु

(क)

(ख)

(ग)

जारी गरेको मिति र स्थानः

कार्यालयको छाप

<u>अनुमति दिने अधिकारीको,-</u>

दस्तखतः

नाम थरः

पदः

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

### [∗]अनुसूची-१५क.

(नियम ११ को उपनियम (१क) को खण्ड (ख) सँग सम्बन्धित)

निकासी वा पैठारी हुने कन्साइनमेन्टलाई प्याकेजिङ्ग गर्ने काठका सामग्रीको उपचार

१. ६ मिलीमिटर र सोभन्दा कम मोटाई भएको काठ र प्लाइउड, ओरियन्टेड स्टाण्ड बोर्ड, फायरबोर्ड, कार्डबोर्ड, फलफूलको प्रशोधित वा स्प्रिट वा सिगारलाई सुरक्षित गर्न राखिने काठ, कुनै सवारी साधनमा स्थायी रुपले राखिएको काठ बाहेकका काठका सामग्रीलाई सङ्गठनले निर्धारण र सिफारिस गरेको उपचार विधि र मापदण्ड,

२. उपचार गर्ने, प्याकेजिङ्ग सामग्री बनाउने र लोगो लगाउने कार्य सम्पन्न गर्न सङ्गठनले तोकेको कार्यालय वा संस्थाले निर्धारण गरेको उपचार विधि र मापदण्ड,

३. तापद्वारा उपचार गर्न ताप दिने कोठा हावा नछिर्ने, तातो हावा फाल्ने साथै भुइँ तातो रहिरहने हुनुपर्ने,

४. ताप विधिद्वारा उपचार गरिने कोठामा सबैतिर हावाको बहाव कम्तीमा ०.५ माइल प्रति सेकेण्ड हुनुपर्ने र काठको सबै सतहमा सिफारिस गरिएको स्तरमा तापक्रम पुग्ने गरी हुनुपर्ने,

५. हावाको बहाव, तापक्रम र समय थाहा पाउने उपकरण जडान गर्नुपर्ने र उपचार गरिने निश्चित अवधि सम्मको अभिलेख आधिकारिक व्यक्तिले राख्नु पर्ने,

६. मोटाई २० से.मी. भन्दा कम र बोक्रा हटाइएको काठलाई मिथाइल ब्रोमाइड ग्याँसले उपचार गर्न सकिने,

७. पैठारी गरिने देशले तोकेको मापदण्ड र विधि अनुसार गर्नुपर्ने,

८. प्रकरण १ बमोजिम उपचार गर्दा झारपात, ढुसी, कीरा, नेमाटोड र मुसा लगायतका क्वारेन्टाइन शत्रुजीवलाई प्रभावकारी व्यवस्थापन गर्न उपचार पूर्व काठको बोक्रा हटाउनु पर्ने,

९. प्याकेजिङ्ग गरिएको काठमा बोक्राको चौडाई ३ से.मी. भन्दा बढी भएको अवस्थामा त्यसको क्षेत्रफल ५० वर्ग से.मी. भन्दा कम हुनुपर्ने,

१०. प्याकेजिङ्ग गर्ने काठको सामग्रीलाई चिम्नीमा ५६ डिग्री सेल्सियस तापक्रममा लगातार कम्तीमा ३० मिनेटसम्म वा बिजुली लगायतका ताप विधिद्वारा उपचार गर्दा ६० डिग्री सेल्सियस तापक्रममा १ मिनेटसम्म राख्नु पर्ने।

[∗] पहिलो संशोधनद्वारा थप ।

## [⌛]अनुसूची-१५ख.

(नियम ११ को उपनियम (१क) को खण्ड (ख) सँग सम्बन्धित)

<u>कन्साइनमेन्ट प्याकेजिङ्ग गर्ने काठको सामग्रीमा लगाइने लोगो</u>

१. बिरुवा वा बिरुवाजन्य उपजहरूलाई प्याकेजिङ्ग गर्ने उपचार गरिएको काठको सामग्रीमा लगाइने लोगोमा देहायको विषयवस्तु समावेश हुनु पर्नेछः-

(क) सम्बन्धित देशको दुई अक्षरको सङ्केत कोड जस्तै नेपालको भएमा (NP)

(ख) उत्पादक वा उपचार गर्ने कार्यालय वा संस्थाको सङ्गठनले निर्धारण गरेको तीन अक्षर वा अङ्कको कोड (OOO)

(ग) उपचार गरिएको विधि छोटकरीमा जनाउने साङ्केतिक अक्षर HT (Heat treatment), MB (Methyl bromide), SF (Sulphonyl fluoride), DH (Dielectric heating), (RT) Radiation technology


२. लोगोमा राखिएको अक्षर सबैले पढ्न सक्ने, लामो समयसम्म रहने वा नमेटिने, देख्ने गरी कम्तीमा विपरीत दुई साइडमा लगाउनु पर्ने ।

३. लोगोमा हातले नलेखी छाप वा पोष्टमार्कमा हुनु पर्ने ।

४. लोगोमा लेखिएको रङ्ग कालो, गाढा नीलो वा नीलो हुनुपर्ने।

५. लोगोको वरिपरि जानकारी दिने अन्य कुनै विषय लेख्न नहुने ।

६. लोगोको नमूना देहाय बमोजिम हुनेछः-




[⌛] पहिलो संशोधनद्वारा थप ।

**अनुसूची-१६**
**(नियम १९ को उपनियम (५) सँग सम्बन्धित)**
**अभियोग पत्रको ढाँचा**

अभियोगपत्र

दर्ता नं.:-

(कार्यालयले भर्ने)

मुद्दा हेर्ने अधिकारी श्री .......... समक्ष बिरुवा संरक्षण ऐन, २०६४ को दफा २७ को उपदफा (३) बमोजिम दायर गरेको ।

**अभियोगपत्र**

२० ..... सालको नम्बरः ........

.......................................नेपाल सरकार ............................... वादी

**विरुद्ध**

१..................................................

२....................................................

३..................................................        प्रतिवादी

**मुद्दाः-**

केशको व्यहोराः-

१)

२)

३)

अभियोगः-

सबूद प्रमाण-

दसी प्रमाण तथा अपराधसँग सम्बन्धित चीज वस्तुः

गवाहः-

देखेः-

(क)

(ख)

(ग)

(घ)

सुन्नेः-

(क)

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख)

दसीको सामान वा अपराधसँग प्रमाण लाग्ने अरु चीज वस्तुः-

(क)

(ख)

(ग)

प्रस्तुत कागज पत्रहरुः-

(क)

(ख)

(ग)

यो अभियोग पत्रबाट कारवाही शुरु गर्न अदालतसँग सादर अनुरोध गरिन्छ ।

कार्यालय छापः-

निरीक्षकको,-

दस्तखतः-

नामः-

दर्जाः-

कार्यालयः-

मितिः-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**<u>द्रष्टव्यः</u>**- (१) तहकिकातबाट अभियुक्त देखिएका सबैको नाम, थर, वतन विरुद्ध खण्डमा सिलसिला नम्बर मिलाई लेख्नुपर्छ ।

(२) सबूद प्रमाण कागजको हकमा जो भएको माथिको ढाँचामा मिलाई लेख्नुपर्छ ।